# लिखु तामाकोशी गाउँपालिका
**Likhu Tamakoshi Rural Municipality**
# गाउँ कार्यपालिकाको कार्यालय
**Office of the Rural Municipal Executive**
धोवी बजार, रामेछाप (Dhobi Bazaar, Ramechhap)
बागमती प्रदेश, नेपाल (Bagmati Province, Nepal)


प.सं. (Ref. No.):- २०८२।०८३

च.नं. (Dispatch No.):- १५१८

मिति (Date):- २०८२।१२।२२

श्री वडा कार्यालय (१-७ कार्यालय सबै),
श्री प्राविधिक (१-७ सबै वडा हेर्ने),
लिखु तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
धोबी बजार, रामेछाप।

## विषयः योजना सम्झौता गर्ने बारे अन्तिम पटक ताकेता गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा यस लिखु तामाकोशी गाउँपालिकाबाट चालु आर्थिक वर्ष २०८२/०८३ मा वडास्तरमा उपभोक्ता समिति मार्फत संचालन गरिने सम्पूर्ण पूर्वाधार तर्फका योजनाहरु (पूर्वाधार विकास, खानेपानी, सिंचाईपर्यटन विकास कार्यक्रम लगायत सबै) कार्यान्वयनका लागि गठित उपभोक्ता समितिहरुलाई वडा कार्यालयबाट योजना सम्झौता गर्ने व्यहोराको सिफारिस पत्र सिफारिस भई आउँदा लिखु तामाकोशी **गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन, तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६** बमोजिम पुरा गर्नुपर्ने दायित्व, रीत एवम् प्रक्रिया "सेवा प्रवेश बिन्दु" वडा कार्यालयबाट चेकजाँच गरी एक प्रति सिफारिस निवेदनका साथ संग्लन गरि यहि **मिति २०८२ चैत्रमसान्त** भित्र लिखु तामाकोशी गाउँपालिकाको **योजना शाखामा** पठाईदिन हुन अन्तिम पटक ताकेता गरिएको छ। अन्त्यमा, उक्त हदम्याद भित्र पनि सम्झौता गर्न नआएमा कार्यालय जफादेही नहुने व्यहोरा समेत जानकारी गरिन्छ।

२०८२।१२।२२

.......................
(रामसिंह डङाल)
नि.प्रमुख प्रशासकीय अधिकृत

रामसिंह डङाल
प्रमुख प्रशासकीय अधिकृत

**तपसिलः**

- वडा अध्यक्ष वा अख्तियार प्राप्त जनप्रतिनिधिको रोहबरमा आमभेलाबाट गठित उपभोक्ता समिति र एक जना महिला सहित ३ सदस्यीय अनुगमन तथा सहजीकरण समिति गठन गरेको निर्णयको प्रतिलिपि।
- उपभोक्ता समितिको तर्फबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय।
- उपभोक्ता समितिका सबै पदाधिकारीको नागरिकताको प्रमाणित प्रतिलिपि।
- आयोजनाको लागत अनुमान (Cost Estimation):सम्बन्धित वडा हेर्ने प्राविधिकसँग सम्पर्क गर्ने।
- अन्य काम-कारबाही प्रचलित नेपाल कानून तथा लिखु तामाकोशी गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापनसम्बन्धि कार्यविधि, २०७६ बमोजीम गरिएको हुनुपर्ने।

**श्री सूचना प्रविधि शाखाः पत्रलाई सम्पूर्ण वडा कार्यालयहरुमा Email गर्न हुन। साथै, Website मा सूचना upload गर्न हुन।**